## अनौपचारिक तथा वैकल्पिक शिक्षातर्फको

# सिकाइ कार्ड

## तह ३ (६–८)




नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

**प्रकाशक :** नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

**तह :** तीन (भाग १ र २)
**प्रथम संस्करण :** वि.सं. २०८३

# सिकाइ कार्डका सम्बन्धमा

अनौपचारिक शिक्षा तथा वैकल्पिक शैक्षिक कार्यक्रमअन्तर्गत संश्लेषित पाठ्यक्रममा आधारित भएर तह ३ को भाग एक र दुईका लागि छओटा विषयका १२ ओटा सिकाइ सामग्री विकास भएका छन् । ती सामग्री पाठ्यपुस्तकको ढाँचामा उपलब्ध छन् । सिकारुको मनोविज्ञानअनुसार विविधता दिने अभिप्रायले तह ३ को दुवै वर्षको कार्यघण्टा, सिकाइ उपलब्धि र मुख्य विषयवस्तुलाई समेटेर तह ३ का लागि पनि सिकाइ कार्डको विकास गरिएको छ । यसअघि तह १ र २ का लागि विषयगत ३१८ ओटा सिकाइ कार्ड विकास भई प्रयोगमा आइरहेका छ । त्यसैको निरन्तरतासहित तह ३ का छओटा मुख्य विषयका पहिलो र दोस्रो वषका विषयवस्तुलाई समेटेर ५५८ ओटा सिकाइ कार्ड विकास गरिएको छ । प्रत्येक सिकाइ कार्डको अगाडिपट्टिको भागमा विषयको नाम अङ्ग्रेजीमा आउने पहिलो अक्षरबाट सङ्केत गरिएको छ । सहजकर्ताले सिकाउनुपर्ने विषयवस्तुमा रातो, आंशिक सहयोग लिनुपर्ने विषयवस्तुमा निलो, सिकारु स्वयमले अभ्यास गर्नुपर्ने विषयवस्तुमा वैजनी र अभिभावक वा अन्यको सहयोग लिन सकिने विषयवस्तुमा सुन्तले रङको सङ्केत चिह्न प्रयोग गरिएको छ । क्रियाकलापको नाम आकर्षक राखिएको छ । कार्ड नम्बर, तह, सिकाइका लागि लाग्ने समय तोकिएको छ । सिक्नुपर्ने विषयवस्तु, त्यसका लागि सिकाइ कार्यकलाप सिकारु स्वयमले गर्ने गरी लेखिएको छ । कार्डको पछाडिपट्टिको भागमा विषयक्षेत्र, सिकाइ उपलब्धि, सिकाइ मूल्याङ्कन र सहजकर्ताका लागि मार्गदर्शन राखिएको छ । तह ३ को सिकाइ कार्ड सहजै पहिचानका लागि छेउ किनारामा सुन्तले रङले घेरा गरिएको छ र सबै कार्डको छपाइ आकार एफोर रहेको छ ।

| क्रसं | विषय | कार्ड सङ्ख्या |
|---|---|---|
| १ | नेपाली | ९० |
| २ | अङ्ग्रेजी | ९६ |
| ३ | गणित | ९८ |
| ४ | विज्ञान तथा प्रविधि | १०० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ९८ |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ७६ |
| | जम्मा | ५५८ |

यी सिकाइ कार्डलाई आवश्यकतानुसार आर्टबोट पेपरमा छपाइ गरी सिकाइ केन्द्रमा नै राखेर पटक पटक प्रयोग गर्न सकिन्छ । यसै गरी डिजिटल सामग्रीमा पनि प्रयोग गर्न सकिन्छ । सिकारुका लागि सिकाइ क्रियाकलाप गराउन कापी वा लुज पाना प्रयोग गर्न सकिन्छ । विषयवस्तुको सन्दर्भ, फैलावट, नवीन अन्वेषण जस्ता पक्षलाई समेटेर सिकाइ कार्डमा थपघट गर्दै आवश्यकतानुसार संशोधन गर्न, परिमार्जन गर्न र सिकारु स्वयमलाई परियोजना कार्य गर्न लगाउँदै तयार गर्न सकिने लचकता यसमा रहेको छ ।

प्रस्तुत सामग्री विकासका लागि सहयोग गर्नुहुने सम्पूर्ण लेखक, शिक्षा तथा मानव स्रोत विकास केन्द्र अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखा, आर्थिक तथा प्राविधिक सहयोग गर्नुहुने युनिसेफ नेपाल र समुन्नत नेपालप्रति आभार व्यक्त गर्छौं । साथै यहाँहरूको रचनात्मक सुझाव र सल्लाहको अपेक्षासमेत गरेका छौं ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर